बैठक संख्या (१२)

आज मिति २०८३/०२/०३ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती:-

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री एकराज आचार्य

कार्यपालिका सहयोगी कर्मचारी:-

श्री नरेन्द्र सिह महता (जनस्वास्थ्य अधिकृत)

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

CamScanner

एकराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु:-

१. नियमित बैठकको समिक्षा सम्वन्धमा ।
२. आ.व. २०८३/०८४ नीति तथा कार्यक्रम सम्वन्धमा ।
३. वडा स्तरीय टोल भेला सम्वन्धमा ।
४. बजेट रकमान्तर सम्वन्धमा ।
५. पाईप खरिद सम्वन्धमा ।
६. योजना नाम संशोधन सम्वन्धमा ।
७. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्वन्धमा ।
८. उपभोक्ता समिति गठन तथा सम्झौता सम्वन्धमा ।
९. गरीवसंग विश्वेश्वर कार्यक्रम सम्वन्धमा ।

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा विषयगत शाखाहरुलाई शाखागत चालू आ.वा.मा भएका प्रगति र अगामी आर्थिक वर्षमा समावेश गर्नु पर्ने नीति तथा कार्यक्रम मिति २०८३ जेठ मसान्तसम्म सूचना प्रविधि शाखालाई पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण गर्नु पर्ने भएकाले प्रत्येक वडामा मिति २०८३ जेठ २५ गतेभित्र टोल भेला सम्पन्न गरी योजना/कार्यक्रमहरु छनौट गरी गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. २०८२/०८३ को स्वीकृत बजेटवाट तपसिल बमोजिमका कार्यक्रम/क्रियाकलापहरुमा रकमान्तर गर्ने निर्णय पारित गरियो ।

तपसिल:-

चालू तर्फ बाँडफाँड

| क्र. स. | पुरानो योजनाको नाम | रकम | नयाँ योजनाको नाम | रकम रु | कै. |
|---|---|---|---|---|---|
| १ | गा.पा. स्वास्थ्य र वास बोर्ड करार सेवा शुल्क | ८००००० | गा.पा करार कर्मचारी सेवा शुल्क | ८००००० | |
| २ | बालवालिका तर्फ<br>महिला सशक्तिकरण | २०००००<br>२००००० | सुत्केरीलाई कोसेली कार्यक्रम | ४००००० | |
| ३ | अध्यक्षसँग विद्यार्थी कार्यक्रम | १००००० | खेलकुद कार्यक्रम | ४५०००० | |

एकराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय कला,भाषा संस्कृति तर्फ अतिरिक्त क्रियाकलाप | ३००००० १००००० | सुत्केरी भत्ता तथा सुत्केरी स्याहर भत्ता | ५००००० | |
| ४ | गा.पा जनप्रतिनिधि तथा कर्मचारी अध्यन भ्रमण खर्च | ७००००० | दुई पाङ्ग्रे सवारी साधन खरिद (मोटरसाईकल)<br>सुत्केरी उद्धार कोष<br>अन्य भाडा | ५०००००<br>१०००००<br>१००००० | |

## पुंजीगत तर्फ बाँडफाँड

| क्र.स. | पुरानो योजनाको नाम | रकम | नयाँ योजनाको नाम | रकम रु | कै. |
|---|---|---|---|---|---|
| १ | भल्या देखि बालिसम्म सडक निर्माण | ३००००० | दन्नी बोर्डवे सडक निर्माण | ३००००० | |
| २ | खा.पा. मर्मत कोष<br>सिद्धनाथ आ.वि. भवन मर्मत | ३०००००<br>२००००० | खानेपानी पाईप खरिद | ५००००० | |

निर्णय नं. (५) को प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व.२०८२/०८३ को स्वीकृत बजेट अनुसार वडाबाट सिफारिस भई आएका र पालिका स्तरीय पाईप खरिद योजनाहरुको एकमुष्ट रुपमा गाउँपालिकांबाट पाइप खरिद गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. (६) को प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व.२०८२/०८३ को स्वीकृत पालिका/वडा स्तरीय योजनाहरु मध्येबाट तपसिल बमोजिमको योजना संशोधन गर्ने र उक्त योजनाको २०८३ जेठ मसान्तभित्र सम्झौता गर्ने निर्णय पारित गरियो ।

तपसिलः-

| क्र.स. | पुरानो योजनाको नाम | रकम | नयाँ योजनाको नाम | रकम रु | कै. |
|---|---|---|---|---|---|
| १ | सुतारगाउँ देखि गोराखला बाटो निर्माण | १०००००/- | बसेडी एक घर एक पोल निर्माण योजना | १०००००/- | |

निर्णय नं. (७) को प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको क्षेत्रभित्रको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणको लागि जिल्ला भूमि व्यवस्थापन कार्यालय र जिल्ला नापि कार्यालयलाई सहयोग तथा सहजिकरण गर्न अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. (८) को प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. २०८२/८३ को पालिका स्तरीय योजनाहरुको ठेक्का सूचना प्रकाशन गरी कार्यान्वयन गर्ने समय कम भएको हुँदा तपसिलका योजनाहरुको उपभोक्ता समिति गठन गरी २०८३ जेठ मसान्तभित्र सम्झौता गर्ने निर्णय गरियो ।

तपसिलः-

१. बगार सडक निर्माण योजना — (शिवनाथ -४, बगार)

२. रत्याल खालिबटा स्वईरा सडक निर्माण योजना — (शिवनाथ -४, रत्याल)

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३. विनपते सडक मर्मत — (शिवनाथ — ५, विनपते)

४. बछ्ला, पचरवेउ, पोखरा, भैलोडा सडक स्तरोउन्नति(सडक बोर्डबाट सम्पन्न हुने योजना) — (शिवनाथ — ३ र २)

निर्णय नं. (९) को प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस शिवनाथ गा.पा. अन्तर्गत गरीवसंग विश्वेश्वर कार्यक्रमको चालू बजेट रु १,८०,०००/- (अक्षरुपी रु एक लाख असी हजार मात्र) तपसिलको शीर्षकमा खर्च गर्ने गरी निर्णय गरियो ।

तपसिल:-

१. खल्यागडा कृषक समुह बाखा खरिद कार्यक्रम — (शिवनाथ — २)

स्थानीय सरकार शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७२

एकराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत